# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४८) काठमाडौं, चैत १७ गते २०५५ साल (अतिरिक्ताङ्क ७९(क)

## भाग २

श्री ५ को सरकार

### कानून तथा न्याय मन्त्रालयको सूचना

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको सत्ताइसौं वर्षमा संसदले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

२०५५ सालको ऐन नं. २८

**स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।**

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

**ट्रेड युनियन ऐन, २०४९ लाई संशोधन गर्न बनेको ऐन**

**प्रस्तावना : ट्रेड यूनियन ऐन, २०४९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,**

**श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको सत्ताइसौं वर्षमा संसदले यो ऐन बनाएकोछ ।**

**१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "ट्रेड यूनियन (पहिलो संशोधन) ऐन, २०५५" रहेकोछ ।**

**(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।**

**२. ट्रेड युनियन ऐन, २०४९ को प्रस्तावनामा संशोधन : ट्रेड यूनियन ऐन, २०४९ (यसपछि "मूल ऐन" भनिएको) को प्रस्तावनामा रहेका "प्रतिष्ठानमा काम गर्ने कामदारहरुको" भन्ने शब्दहरुको सट्टा "प्रतिष्ठान र प्रतिष्ठानबाहिर विभिन्न उद्योग, व्यापार, व्यवसाय वा सेवामा काम गर्ने कामदार तथा स्वरोजगार गर्ने व्यक्तिहरुको" भन्ने शब्दहरु थपिएका छन् ।**

**३. मूल ऐनको दफा २ मा संशोधन : मूल ऐनको दफा २ को,-**

**(१) खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएकोछ :-**

**"(ख) "कामदार" भन्नाले प्रतिष्ठान र प्रतिष्ठानबाहिर विभिन्न उद्योग, व्यापार व्यवसाय वा सेवामा कार्यरत स्थायी, अस्थायी, करार, दैनिक ज्यालादारी, पिसरेट, ठेक्कामा वा त्यस अन्तर्गत काम गर्ने कामदार तथा कृषि श्रमिक सम्झनु पर्छ र सो शब्दले प्रतिष्ठानको व्यवस्थापक तथा प्रबन्धक तह र त्यसको विभाग, शाखा, उपशाखा तथा इकाईको प्रमुख भई काम गर्ने**



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

कर्मचारी बाहेक अन्य कर्मचारी र स्वरोजगार गर्ने व्यक्तिलाई समेत जनाउँछ ।"

(२) खण्ड (ख) पछि देहायको खण्ड (ख१) थपिएकोछ :-

"(ख१) "कृषि श्रमिक" भन्नाले कृषि क्षेत्रमा ज्याला, बनी गरी जीविकोपार्जन गर्ने व्यक्ति सम्झनु पर्छ ।"

४. मूल ऐनको दफा ४ मा संशोधन : मूल ऐनको दफा ४ को,-

(१) उपदफा (१) मा रहेका "प्रतिष्ठान स्तरका ट्रेड यूनियनहरुले वा" भन्ने शब्दहरु पछि "प्रत्येक जिल्लाबाट एकसय जना पर्ने गरी कम्तीमा बीस जिल्लाका पाँचहजार कृषि श्रमिकले वा" भन्ने शब्दहरु थपिएका छन् ।

(२) उपदफा (२) मा रहेका "उद्योग व्यवसायमा काम गर्ने कम्तीमा दुईसय पचास जना कामदारहरुले" भन्ने शब्दहरुको सट्टा "उद्योग, व्यापार व्यवसाय वा सेवाका काम गर्ने कम्तीमा पाँचसय जना कामदार वा स्वरोजगारहरुले" भन्ने शब्दहरु राखिएका छन् ।

तर दफा ५ बमोजिम महासंघ गठन गर्ने प्रयोजनको लागि यस उपदफा अन्तर्गत गठित संघहरु बढीमा चार वटालाई मात्र गणना गरिनेछ ।

५. मूल ऐनमा दफा ७क. थप : मूल ऐनको दफा ७ पछि देहायको दफा ७क. थपिएकोछ :-

"७क. ट्रेड यूनियनको नवीकरण : (१) प्रतिष्ठान स्तरको ट्रेड यूनियन प्रत्येक दुई वर्षमा र ट्रेड यूनियन संघ तथा ट्रेड यूनियन महासंघ प्रत्येक चार वर्षमा नवीकरण गर्नु पर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

(२) ट्रेड यूनियनको नवीकरण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।"

६. मूल ऐनमा दफा ९क. र ९ख. थप : मूल ऐनको दफा ९ पछि देहायका दफा ९क. र ९ख. थपिएका छन् :-

"९क. ट्रेड यूनियनको काम, कर्तव्य र अधिकार : ट्रेड यूनियनको आफ्नो विधानमा उल्लेखित काम, कर्तव्य र अधिकारको अतिरिक्त ट्रेड यूनियनको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिमका हुने छन् :-

(क) दफा ९ को उपदफा (१) बमोजिमको ट्रेड यूनियनको उद्देश्य प्राप्तीको लागि आवश्यक काम कारबाही तथा कार्यक्रमहरुको संचालन गर्ने गराउने,

(ख) प्रतिष्ठान स्तरको आधिकारिक ट्रेड यूनियनको निर्वाचनमा आफ्ना सदस्यहरुलाई भाग लिन लगाउने,

(ग) प्रतिष्ठान स्तरको आधिकारिक ट्रेड यूनियनको निर्णयहरु प्रतिष्ठानको कामदारहरुलाई पालना गर्न लगाउने ।

९ख. ट्रेड यूनियन संघ र ट्रेड यूनियन महासंघको काम, कर्तव्य र अधिकार : ट्रेड यूनियन संघ र ट्रेड यूनियन महासंघको आफ्नो विधानमा उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त ट्रेड यूनियन संघ र ट्रेड यूनियन महासंघको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) दफा ९ को उपदफा (२) बमोजिमको ट्रेड यूनियन संघ तथा ट्रेड यूनियन महासंघको उद्देश्य प्राप्तीको लागि आवश्यक काम



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

कारबाही तथा कार्यक्रमहरुको संचालन गर्ने गराउने,

(ख) ट्रेड यूनियन संघ तथा ट्रेड यूनियन महासंघको निर्वाचनमा आफ्ना सदस्यहरुलाई भाग लिन लगाउने,

(ग) ट्रेड यूनियन संघ तथा ट्रेड यूनियन महासंघको निर्णयहरु आफ्ना सदस्यहरुलाई पालना गर्न लगाउने,

(घ) महत्वपूर्ण र राष्ट्रिय स्तरका श्रम विवाद सम्बन्धी नीतिगत बिषयमा सम्पूर्ण कामदारहरुको प्रतिनिधित्व गर्दै श्री ५ को सरकार, विभिन्न प्रकारका व्यवसायिक संघ तथा महासंघ तथा प्रतिष्ठानहरुसंग वार्ता गरी श्रम विवाद सुल्झाउन आवश्यक उपायको अवलम्बन गर्ने,

(ङ) प्रतिष्ठान स्तरको ट्रेड यूनियनको तर्फबाट सम्बन्धित प्रतिष्ठान तथा व्यवस्थापकहरुसंग वार्ता गर्ने,

(च) कामदारहरुको हित तथा कल्याणको लागि विभिन्न प्रकारका कोषको स्थापना तथा संचालन गर्ने,

(छ) कामदार तथा ट्रेड यूनियन प्रति गरिएको उत्पीडनका तथ्यहरु सार्वजनिक गराउने र त्यसको लागि सम्बन्धित प्रतिष्ठानलाई आवश्यकतानुसार सचेत गराउने ।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१२८८

७. <u>मूल ऐनको दफा १० मा संशोधन</u> : मूल ऐनको दफा १० को उपदफा (२) मा रहेको "पदाधिकारीले" भन्ने शब्दको सट्टा "ट्रेड यूनियनले" भन्ने शब्दहरु राखिएका छन् ।

८. <u>मूल ऐनको दफा ११ मा संशोधन</u> : मूल ऐनको दफा ११ को,-

(१) उपदफा (१) पछि देहायको उपदफा (१क) र (१ख) थपिएका छन् :-

"(१क) कुनै प्रतिष्ठानमा एउटा मात्र ट्रेड यूनियन दर्ता भएकोमा सो भएको मितिले तीन महिनाभित्र अर्को ट्रेड यूनियन दर्ता नभएमा पहिले दर्ता भएको ट्रेड यूनियनलाई नै आधिकारिक ट्रेड यूनियनको रुपमा मान्यता दिइनेछ ।

(१ख) उपदफा (१क) बमोजिमको तीन महिनाको समयावधि गणना गर्दा यो ऐन प्रारम्भ भएको मितिदेखि गणना गरिनेछ ।"

(२) उपदफा (३) पछि देहायको उपदफा (४) राखिएकोछ :-

"(४) आधिकारिक ट्रेड यूनियनको निर्वाचन सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ ।"

९. <u>मूल ऐनको दफा १३ मा संशोधन</u> : मूल ऐनको दफा १३ मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएकोछ :-

"तर त्यस्तो आधिकारिक ट्रेड यूनियनको दर्ता खारेज भएमा वा त्यस्तो ट्रेड यूनियन विघटन भएमा त्यसरी



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

विघटन भएको मितिले तीन महिनाभित्र अर्को आधिकारिक ट्रेड यूनियनको निर्वाचन गराई सक्नु पर्नेछ।"

१०. मूल ऐनको दफा १९ मा संशोधन : मूल ऐनको दफा १९ को,-

(१) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएकोछ :-

"(१) दुई वा दुईभन्दा बढी ट्रेड यूनियनहरु एउटै ट्रेड यूनियनमा सम्मिलन हुन चाहेमा त्यसरी सम्मिलन हुन चाहने प्रत्येक ट्रेड यूनियनको साधारण सभाको बहुमतले सम्मिलन हुने पक्षमा मतदान गरेमा त्यस्ता ट्रेड यूनियनहरुले आपसमा सम्झौता गरी नयाँ ट्रेड यूनियन गठन गर्न सक्नेछन्।"

(२) उपदफा (२) मा रहेका "प्रतिष्ठान स्तरको" भन्ने शब्दहरु झिकिएका छन्।

११. मूल ऐनको दफा २२ मा संशोधन : मूल ऐनको दफा २२ को सट्टा देहायको दफा २२ राखिएकोछ :-

"२२. करार सम्बन्धी दायित्व पूरा गर्नु पर्ने : (१) ट्रेड यूनियन आफैंले गरेको वा ट्रेड यूनियनको तर्फबाट अधिकार प्राप्त पदाधिकारीले गरेको करारको दायित्व त्यस्तो ट्रेड यूनियन र ट्रेड यूनियनसंग करार गर्ने पक्षले पूरा गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम ट्रेड यूनियन र प्रतिष्ठान वा व्यवस्थापक बीच भएको करारको सम्बन्धमा कुनै विवाद उत्पन्न भएमा विवाद उत्पन्न


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

भएको वा मुद्दा गर्नु पर्ने कारण भएको मितिले तीन महिनाभित्र श्रम अदालतमा मुद्दा दायर गर्नु पर्नेछ।"

१२. <u>मूल ऐनको दफा २३ मा संशोधन</u> : मूल ऐनको दफा २३ मा रहेका "प्रतिष्ठानस्तरको ट्रेड यूनियनको पदाधिकारीले यो ऐन र श्रम ऐन, २०४८ को" भन्ने शब्दहरुको सट्टा "आधिकारिक ट्रेड यूनियन वा त्यस्तो ट्रेड यूनियनको पदाधिकारीले यो ऐन वा श्रम ऐन, २०४८ को" भन्ने शब्दहरु राखिएका छन्।

१३. <u>मूल ऐनमा दफा २३क. थप</u> : मूल ऐनको दफा २३ पछि देहायको दफा २३क. थपिएकोछ :-

"२३क. <u>सरुवा वा बढुवा नगरिने</u> : प्रतिष्ठान स्तरका ट्रेड यूनियनका कार्य समितिका पदाधिकारीहरुलाई विशेष परिस्थितिमा बाहेक उनीहरुको सहमति बिना सरुवा वा बढुवा गरिने छैन।"

१४. <u>मूल ऐनको दफा २५ मा संशोधन</u> : मूल ऐनको दफा २५ को,-

(१) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएकोछ :-

"(२) उपदफा (१) को खण्ड (ख) र (ग) बमोजिमको अवस्था परी कुनै ट्रेड यूनियनको दर्ता खारेज गर्नु परेमा सम्बन्धित पञ्जिकाधिकारीले सम्बन्धित ट्रेड यूनियनलाई त्यसरी ट्रेड यूनियन खारेज गर्नु पर्ने कारण खुलाई स्पष्टीकरण पेश गर्न पन्ध्र दिनको सूचना दिनु पर्नेछ।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपदफा (२) पछि देहायको उपदफा (३) थपिएकोछ :-

"(३) उपदफा (२) बमोजिमको अवधिभित्र सम्बन्धित ट्रेड यूनियनले स्पष्टीकरण पेश नगरेमा वा पेश गरेको स्पष्टीकरण सन्तोषजनक तथा कानूनसम्मत् नभएमा पञ्जिकाधिकारीले त्यस्तो ट्रेड यूनियनको दर्ता खारेज गर्न सक्नेछ ।"

१५. <u>मूल ऐनमा दफा २६क. थप</u> : मूल ऐनको दफा २६ पछि देहायको दफा २६क. थपिएकोछ :-

"२६क. <u>ट्रेड यूनियनको प्रतिनिधित्व</u> : श्री ५ को सरकारले ट्रेड यूनियनको तर्फबाट प्रतिनिधि मनोनयन गर्दा वा ट्रेड यूनियनबाट प्रतिनिधित्व गराउँदा बिषयवस्तुसंग सम्बन्धित ट्रेड यूनियनहरु एकभन्दा बढी भएमा त्यस्तो ट्रेड यूनियनबाट समानुपातिक रुपमा वा आलोपालो गरी मनोनयन वा प्रतिनिधित्व गराउनेछ ।"

१६. <u>मूल ऐनमा दफा २७क. थप</u> : मूल ऐनको दफा २७ पछि देहायको दफा २७क. थपिएकोछ :-

"२७क. <u>मुद्दा दायर गर्ने हद म्याद</u> : यस ऐनमा अन्यथा व्यवस्था भएकोमा बाहेक यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम विपरीत भएको कुनै काम कारबाहीको सम्बन्धमा कुनै व्यक्ति उपर मुद्दा चलाउनु परेमा सो काम भए गरेको मितिले वा मुद्दा चलाउनु पर्ने कारण भएको मितिले तीन महिनाभित्र मुद्दा दायर गरिसक्नु पर्नेछ ।"


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१७. **मूल ऐनको दफा २८ मा संशोधन** : मूल ऐनको दफा २८ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएकोछ :-

"(१) कुनै पदाधिकारी, सदस्य वा ट्रेड यूनियनको कुनै कर्मचारीले ट्रेड यूनियनको वा त्यस्तो ट्रेड यूनियनबाट सञ्चालित कोष तथा कार्यक्रमको सम्पत्ति हिनामिना गरेमा वा त्यस्तो सम्पत्तिमा कुनै किसिमको हानी नोक्सानी गरेमा श्रम अदालतले त्यस्तो पदाधिकारी, सदस्य वा कर्मचारीबाट त्यसरी हिनामिना वा हानी नोक्सानी भएको रकम बराबरको रकम भराउने आदेश दिई पाँचहजार रुपैयाँसम्म जरिबाना वा एक वर्षसम्म कैद वा दुबै सजाय गर्न सक्नेछ।"

लालमोहर सदर मितिः- २०५५।१२।१७।४

आज्ञाले,

तीर्थमान शाक्य

श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।